# कर्जन्हा नगरपालिका
# संघ संस्था दर्ता सम्बन्धी ऐन, २०७७

**प्रस्तावना**

यस नगरपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक र रोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको भाग २१८ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको संस्था दर्ता ऐन २०७७ तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम**

(१) यस ऐनको नाम **कर्जन्हा नगरपालिकाको संघ संस्था दर्ता ऐन २०७७** रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ भएको मानिनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, बैज्ञानिक, शैक्षिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरूको विकास एवम् बिस्तार गर्ने उद्देश्यले स्थापना भएको संघसंस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्दछ र सो शब्दले मैत्री संघसमेतलाई बुझाउँदछ ।

(ख) नगरपालिका भन्नले कर्जन्हा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) प्रबन्ध समिति भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्दछ ।

(घ) नगरपालिका प्रमुख भन्नाले कर्जन्हा नगरपालिकाका प्रमुख लाई सम्झनु पर्दछ ।

(ङ) तोकिएको वा तोकिए वमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः** यस ऐन वमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

**४. संस्थाको दर्ता**

(१) संस्था स्थापना गर्न चाहने कुनै सातजना वा सोभन्दा बढी व्यक्तिहरूले संस्थासम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एकप्रति र तोकिएको दस्तुरसहित नगरपालिका समक्ष निवेदन दिनुपर्नेछः

(क) संस्थाको नाम (ख) उद्देश्यहरू



(ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा

(घ) आर्थिक स्रोत (ङ) कार्यालयको ठेगाना

(२) उपदफा (क) वमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिका प्रमुखले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्तामो प्रमाणपत्र उपलब्ध गराउने छ ।

(३) नगरपालिका प्रमुखले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (ग) वमोजिमको उजुर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने नगरपालिका प्रमुखलाई अनुरोध गर्न सक्नेछ र त्यस्तो अनुरोध अनुसार नगरपालिका प्रमुखले संस्ता दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नबीकरण र नवीकरण दस्तुर तोकिए वमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाहुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।तर नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरूद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिनसक्नेछ ।

(२) उपदफा (१) वमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगरकार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानुनले तोकेको पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको

कुनै सम्पति वा लिखित प्रतिष्ठा विरूद्ध कुनै अपराध वा बिरामी गरेमा संस्थाको कुनै सदस्य वा प्रचलित कानुन वमोजिम मुद्धाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभइ स्थापना भएको संस्थाले दर्ता गर्ने :** यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि तत्काल प्रचलित कानुन वमोजिम दर्ता नभइ स्थापना भइरहेको संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन वमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उदेश्यहरूमा हेरफेर**

(१) संस्थाको उदेश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान वमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुईतिहाइ सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागू गर्न नगरपालिकाको प्रमुखको पूर्व स्वीकृति लिनु पर्ने छ ।

**९. हिसावको विवरण पठाउनुपर्नेः** प्रबन्घ समितिले सामाजिक परिक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष नगरपालिकामा पठाउनुपर्ने छ ।

**१०. हिसाव जाच गर्नेः**

(१) नगरपालिका प्रमुखले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुने अधिकृत वा पदाधिकारीद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत नगरपालिका प्रमुखले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाँच प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले नगरपालिकाको प्रमुखले तोकिएको म्यादभित्र हिसाव जाँचको प्रतिवेदन नगरपालिकाको प्रमुख समक्ष



पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने नगरपालिकाको प्रमुखलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन वमोजिम कारबाही चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन वमोजिम मुद्धा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने :** सङ्घीय वा प्रादेशिक सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालनागर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय**

(१) दफा ३ वमोजिम दर्ता नगराई संस्था दर्ता गरेमा वा दफा ७ वमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिका सदस्हरूलाई नगरपालिका प्रमुखले जनही दश हजार रूपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ वमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यलाई नगरपालिका प्रमुखले जनही तीनहजार रूपैंयासम्म जरिवाना गर्न सक्नेछ तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुननदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिनेछैन ।

(३) दफा १० को उपदफा (३) वमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृत वा पदाधिकारीले मागेको विवरण तथा कागज पत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिका प्रमुखले एक हजार रूपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ वमोजिम नगरपालिका प्रमुखको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा सङ्घीय वा प्रादेशिक सरकारले दिएको निर्देशन पालना नगरेमा नगरपालिका प्रमुखले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदनः** दफा १२ वमोजिम नगरपालिका प्रमुखले गरेको अन्तिम निर्णय उपर ३५ दिनभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यसको परिणाम**

(१) संस्थाको विधान वमोजिम कार्यसञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा नगरकार्यपालिकामा सर्नेछ ।

(२) उपदफा (१) वमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म दायित्व नगर कार्यपालिकाले व्यहोर्ने छ ।

**१५. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरकार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. अधिकार प्रत्यायोजनः** यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारहरूमध्ये सबै वा कुनै अधिकार नगरपालिका प्रमुखले आफू मातहतका पदाधिकारी वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. अन्य नेपाल ऐन वमोजिम दर्ता वा स्थापना गर्नु पर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन वमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१८. खारेजी र बचाउ**

(१) सङ्घीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरीत भएको दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस कानुनलाई प्रतिस्थापन हुने गरी अर्को कानुन बनेर लागू नभएसम्म यसै कानुन अनुसार भए गरेको मानिने छ ।

(३) संघसंस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई कर्जन्हा नगरपालिकाको क्षेत्रभित्र कार्यक्षेत्र रहने गरी गठन, सञ्चालन भई रहेका सङ्घसंस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

-०००-